नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**

सिंहदरबार ,

काठमाण्डौ, नेपाल।

पत्रसंख्याः ०७९/८० सा.स.सा.सु च.नं. ५५

श्री स्थानीय तह सबै, मितिः २०७९।०७।२७

विषयः लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको चं.नं. ३७ मिति २०७९।०७।२४ गतेको लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धी पत्र यसै साथ संलग्न छ । विषयवस्तुको व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई आबश्यक कार्य गर्नुहुनका लागि तहाँ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

2065/6/20

(सुधा रेग्मी)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

प्रति ५३० ६।२२

संघीय मा.प.


नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२००१६४/४२००१६८

४२०००८२/४२००४१३/४२००४०८

फ्याक्स : ४२००११६

इमेल : info@mowcsc.gov.np

media@mowcsc.gov.np

वेभसाईड : www.mowcsc.gov.np


पत्र संख्या : ०७९/०८०

चलानी नं.: ३६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

दर्ता नं.:- 9699

दर्ता मिति:- ६/२२

मिति : २०७९।०७।२४गते

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

बिषय :- लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान मनाउन आह्वान गरिएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा हरेक बर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान विश्वभर मनाउने गरिएको बिषय विदितै छ । नेपालमा पनि विगतका बर्षहरु देखि नै उक्त अवधिमा विभिन्न सचेतनामूलक /अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरी लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान दिवस मनाउने गरिएको छ ।

यस सम्बन्धमा नेपाल सरकार ( मन्त्रिपरिषद )को मिति २०७५।०७।२९ गतेको निर्णयानुसार नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख १६ दिन सम्म सामाजिक सचेतना सहित लैङ्गिक हिंसा बिरुद्धको अभियान सञ्चालन गर्न संघ/प्रदेश तथा स्थानीय तह लगाएत सरोकारवाला निकायहरु, बिद्यालय, संघ, संस्थाहरुलाई आह्वान गरी प्रत्येक बर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा बिरुद्धको अभियान दिवसको रुपमा मनाउदै आईरहेको ब्यहोरा अवगत नै छ ।

यस बर्ष पनि नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख २०२२ ( तदानुसार २०७९ मंसीर ९ गते देखि ऐ.२४ गते ) सम्म लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानको **अन्तर्राष्ट्रिय नारा** " **UNITE : ACTIVISM TO END VIOLENCE AGAINIST WOMEN & GIRLS !"** र **" सभ्य समाजको पहिचान : लैङ्गिक हिंसा बिरुद्धको अभियान "** भन्ने राष्ट्रिय नाराका साथ उक्त अभियान मनाउन सबै स्थानीय तह तथा विभिन्न सरोकारवाला संघ/संस्थाहरुलाई आ-आफ्नो तर्फबाट साझा प्रतिवद्धता तथा ऐक्यबद्धता जनाउन आह्वान गर्ने नेपाल सरकार मा.मन्त्रि स्तरको मिति २०७९।०७।१७ मा निर्णय भएकोले सबै स्थानीयतहहरुलाई सचेतनामूलक तथा अभियानमूलक विभिन्न कार्यक्रमहरु सञ्चालन गरी अभियानलाई भब्य रुपमा सफल बनाउन आबश्यक समन्वय गरी सहयोग गरिदिनहुन सादर अनुरोध छ ।

प्रति सामाजिक समावेशीकरण शाखा

६।२४

.............................

ममता बिष्ट

प्रमुख महिला बिकास अधिकृत